५२४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३६२/२०७२/०७३

निर्णय नं. ५३६

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................२ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी(कार्यालय प्रमुख)जिल्ला विकास समितिको कार्यालय,सल्लेरी,सोलुखुम्बु ..१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय,सल्लेरी,सोलुखुम्बु ..............................१

**विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, सल्लेरी, सोलुखुम्बु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२१ को आदेश बमोजिम जिल्ला विकास समितिको कार्यालय, सल्लेरी, सोलुखुम्बुलाई मिति २०७२।०६।२७ च.नं. २६१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला विकास समितिको कार्यालय, सल्लेरी, सोलुखुम्बुको मिति २०७२।०८।१७, च.नं. ४७६, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनराबेदकलाई प्रेषित गरी बोधार्थ मार्फत आयोगलाई समेत जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।